श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

### सीपस्तर निर्धारण (वर्गीकरण), परीक्षण तथा प्रमाणीकरण नियमावली, २०४२

प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९ को दफा १० (१) ले दिएको अधिकार प्रयोग गरी प्राविधिक तथा व्यावसायिक शिक्षा समितिले श्री ५ को सरकारको स्वीकृति लिई यो नियमावली बनाइएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमावलीको नाम "सीपस्तर निर्धारण (वर्गीकरण), परीक्षण तथा प्रमाणीकरण नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "आदेश" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९ सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले आदेशबमोजिमको प्राविधिक तथा व्यावसायिक शिक्षा समिति सम्झनुपर्छ ।

(ग) "परिषद्" भन्नाले नियम ८ अन्तर्गतको सीप परीक्षण परिषद् सम्झनुपर्छ ।

(घ) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

(ङ) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिव सम्झनुपर्छ ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस नियमावलीमा वा यस नियमावलीअन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

परिच्छेद–२

सीपको स्तरको वर्गीकरण तथा सीप प्रामाणिका

३. सीपको वर्गीकरण : (१) विभिन्न प्राविधिक तथा व्यावसायिक वा जीविकोपयोगी (अकुपेशनल) पेशा वा व्यवसाय वा सेवा सन्तोषजनक परिचालन गर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराउनको निम्ति चाहिने आधारभूत वा अपेक्षित सीप वा दक्षता वा कौशलको स्तरको देहायबमोजिम वर्गीकरण गरिएको छ :–

(क) सीप सामान्य-दक्ष (बेसिक स्किल्ड)
(ख) सीप मध्यम-दक्ष (इण्टरमेडियट स्किल्ड)
(ग) सीप पूर्ण-दक्ष (हाइली स्किल्ड) ।

(२) परिषद्ले आवश्यक ठानेमा उपनियम (१) बमोजिम निर्धारित सीपस्तर वर्गीकरणमा तह विभाजन गर्न सक्नेछ ।

४. राष्ट्रिय सीप प्रामाणिका : (१) प्रत्येक पेशाको निमित्त वर्गीकृत सीपस्तर अनुकूल आवश्यक सीप प्रामाणिका (स्किल स्टैण्डर्ड) राष्ट्रिय स्तरमा देहायबमोजिम तहमा तर्जुमा गरिनेछ :–

(क) सामान्य तह (बेसिक लेभल),
(ख) मध्यम तह (इण्टरमेडियट लेभल), र
(ग) उच्च । पूर्ण तह (हाइयर लेभल) ।

(२) उपनियम (१) बमोजिम राष्ट्रिय सीप प्रामाणिका तयार गरिँदा सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय वा कार्यालय, अन्तर्राष्ट्रिय संघ संस्था तथा स्वदेशी वा विदेशी विशेषज्ञको परामर्श लिन सकिनेछ ।

(३) स्वीकृत नेपाल राष्ट्रिय सीप प्रामाणिका नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

## परिच्छेद–३
## सीप परीक्षण तथा प्रमाणीकरण

५. सीप परीक्षण : (१) नियम ३ (१) बमोजिम निर्धारित सीप वर्गीकरण अनुरूपको सीप वा दक्षता वा कौशल भए नभएको सम्बन्धित नेपाल राष्ट्रिय सीप प्रामाणिका मुताबिक तोकिएबमोजिम परीक्षण गरी निर्धारण गरिनेछ ।

(२) उपनियम (१) बमोजिम सीप वा दक्षता वा कौशल परीक्षण गराई तत्सम्बन्धमा प्रमाणीकरण गराउन चाहने इच्छुक योग्य उम्मेदवारले आवश्यक विवरण र परिषद्द्वारा निर्धारित शुल्कसहित परिषद् वा परिषद्ले तोकेको कार्यालय वा केन्द्रमा अनुसूची–१ र अनुसूची–२ बमोजिम पंजीकरण फारम र आवेदन फारम भरी दरखास्त दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम सम्बन्धित पेशासम्बन्धी कार्यमा आफ्नो सीप परीक्षण गराउन चाहनेको सीप परीक्षण गर्ने बारेको व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(४) सीप परीक्षणसम्बन्धी परीक्षा परिषद्ले मनोनयन गरेको मनोनीत सीप परीक्षण केन्द्र (डेजिगनेटेट स्किल टेष्टिङ्ग सेण्टर) मा तोकिएबमोजिम सञ्चालन गरिनेछ ।

६. सीपस्तर प्रमाणीकरण : (१) सम्बन्धित पेशाको कुनै कार्य सम्बन्धमा तोकिए-बमोजिमका पूर्वावश्यकता पूरा गरी तत्सम्बन्धी नेपाल राष्ट्रिय सीप प्रामाणिका मुताबिक सीप परीक्षणमा सफलता प्राप्त गर्ने परीक्षणार्थीहरूको सीपस्तरको प्रमाणीकरण नियम ३ (१) को सीप वर्गीकरण बमोजिम गरिनेछ ।

(२) सीपस्तरसम्बन्धी प्रमाणीकरण अनुसूची–३ अनुसारको प्रमाण-पत्र-द्वारा हुनेछ ।

(३) उपनियम (२) बमोजिमको प्रमाण-पत्र परिषद्द्वारा सञ्चालित सम्बन्धित सीप दक्षको सम्बन्धित सीप परीक्षण परीक्षा तोकिएबमोजिम उत्तीर्ण गरेकालाई प्रदान गरिनेछ ।

७. योग्यता : (१) देहायबमोजिम सम्बन्धित योग्यता पुगेको व्यक्तिले सीप परीक्षणको लागि तोकिएबमोजिम आवेदन दिन सक्नेछ ।

(क) सीप सामान्य-दक्षको लागि :–

(१) साधारण लेखपढ गर्न सक्ने भई सम्बन्धित नेपाल राष्ट्रिय सीप प्रामाणिका बमोजिमको ज्ञान र सीप आर्जन गरेको,

(२) सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको वा १ वर्षको सम्बन्धित विषयको तालीम र १ वर्षको सम्बन्धित पेशाको कार्य अनुभव, र

(३) उमेर १५ वर्ष नाघेको ।

(ख) सीप मध्यम-दक्षको लागि :–

(१) लेखपढ गर्न सक्ने भई सम्बन्धित नेपाल राष्ट्रिय सीप प्रामाणिका बमोजिमको ज्ञान र सीप आर्जन गरेका, र

(२) सम्बन्धित पेशामा कम्तीमा ५ वर्षको कार्य अनुभव वा १ वर्षको सम्बन्धित विषयको तालीम प्राप्त गरी २ वर्षको कार्य अनुभव भएको, वा

(३) सीप सामान्य-दक्षको प्रमाण-पत्र प्राप्त गरी सम्बन्धित पेशामा २ वर्षको कार्य अनुभव भएको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सीप पूर्ण-दक्षको लागि :–

(१) सीप मध्यम-दक्षको प्रमाणपत्र प्राप्त गरी सम्बन्धित पेशामा ३ वर्षको कार्य अनुभव भएको, वा

(२) आफ्नो पेशा वा कौशलमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय ख्याति प्राप्त गरेको ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित योग्यताको मान्यता सदस्य-सचिवले निर्धारण गरे अनुसार हुनेछ ।

## परिच्छेद–४
## सीप परीक्षण परिषद्

८. सीप परीक्षण परिषद् गठन : (१) सीपको वर्गीकरण (स्तर निर्धारण) परीक्षण तथा प्रमाणीकरण सम्बन्धमा आवश्यक कार्य गर्न गराउनको लागि सीप परीक्षण परिषद् (अंग्रेजीमा स्किल टेष्टिङ्ग अथोरिटी) गठन गरिएको छ र यसले आदेशको दफा ६ (१) अनुसार समितिबाट नियम १० (२) बमोजिम अधिकार प्रत्यायोजित उपसमितिको रूपमा यस नियमावलीबमोजिम कार्य गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन गरिएको परिषद्को आफ्नो छुट्टै छाप र छाप-चिह्न हुनेछ ।

(३) परिषद्को मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(४) उपनियम (१) बमोजिमको परिषद्मा देहायका सदस्यहरू रहनेछन्:–

(क) सम्बन्धित विषयमा ख्यातिप्राप्त वा लब्धप्रतिष्ठित व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारबाट मनोनीत – अध्यक्ष

(ख) डीन, इञ्जिनीयरिङ्ग अध्ययन संस्था – सदस्य

(ग) महानिर्देशक, श्रम विभाग – सदस्य

(घ) महानिर्देशक, प्राविधिक तथा व्यावसायिक शिक्षा निर्देशनालय – सदस्य

(ङ) निर्माण, यान्त्रिक, विद्युत् प्राविधिक समितिका संयोजक तीनजना – सदस्य

(च) अध्यक्षबाट मनोनीत एकजना – सदस्य

(छ) प्रतिनिधि, नेपाल मजदूर सङ्गठन – सदस्य

(ज) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य सङ्घ – सदस्य

(झ) प्रमुख, सीप परीक्षण परिषद् कार्यालय सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६३

(५) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परिषद्को सदस्य हेरफेर वा थपघट गर्न सक्नेछ ।

(६) परिषद्ले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भागलिन आमन्त्रण गर्न सक्नेछ ।

(७) परिषद्को र परिषद्ले आवश्यकतानुसार गठन गरेको विशेषज्ञ समिति वा कार्यटोलीको बैठकमा उपस्थित हुने सदस्य तथा आमन्त्रितहरूलाई रू. १००।– बैठक भत्ता दिइनेछ ।

९. परिषद्को बैठक, काम कारवाही र निर्णयः (१) परिषद्को बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षको अनुमति लिई सदस्य-सचिवले बोलाउनेछ ।

(३) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्ष बैठकमा अनुपस्थित भएमा उपस्थित सदस्यमध्ये बैठकले छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को सदस्यमध्ये अध्यक्ष र सदस्य-सचिवसहित आधाभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकमा छलफल तथा निर्णयको लागि प्रस्तुत गरिने विषयको सूची तथा बैठक बस्ने मिति, स्थान र समयसम्बन्धी सूचना प्रत्येक सदस्यकहाँ बैठक हुनुभन्दा ४८ (अठचालीस) घण्टा अगावै पुगी सक्नु पर्नेछ ।

तर जरूरी विषयमा निर्णय गर्न परिषद्को बैठक बोलाउनु पर्ने स्थिति परेको अध्यक्षले ठहराएमा बैठक सम्बन्धमा जनाउ मात्र दिई ४८ घण्टाभन्दा कम समयभित्र सदस्य-सचिवले बैठक बोलाउन सक्नेछ ।

(६) बैठकको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(७) बैठकको निर्णयसम्बन्धी विवरण वा अभिलेखमा अध्यक्षता गर्ने र सदस्य-सचिवको दस्तखत रहनेछ ।

(८) परिषद्को निर्णय, आदेश वा निर्देशन सदस्य-सचिव वा निजले तोकेको परिषद्को कर्मचारीले प्रमाणित गर्नेछ ।

(९) परिषद्को बैठक तथा काम कारवाही सम्बन्धमा अपनाउने अन्य कार्यविधि परिषद् आफैंले व्यवस्थित गर्न सक्नेछ ।

१०. परिषद्को काम, कर्तव्य र अधिकार : (१) सीप वर्गीकरण, परीक्षण तथा प्रमाणीकरणसम्बन्धी कार्य यस नियमावलीबमोजिम गर्नु गराउनु परिषद्को कर्तव्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम गर्न परिषद्‌लाई देहायबमोजिमको अधिकार हुनेछ :

(क) सीप वा दक्षता वा कौशलको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण-सम्बन्धी कार्य राष्ट्रियस्तरमा सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने र तत्सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वियन गर्ने गराउने ।

(ख) विभिन्न व्यवसाय, पेशा वा सेवाको लागि चाहिने सीप वा दक्षता वा कौशलको गार्हस्थ्य वा औद्योगिक माग वा खपतबारे अध्ययन एवं अनुसन्धान गर्ने गराउने ।

(ग) सीप-मूलक वा सीप विकाससम्बन्धी प्राविधिक तथा व्यावसायिक तालीमको विकास, विस्तार र सञ्चालनको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगको व्यवस्था र परिचालन गर्ने ।

(घ) सीप दक्षता वा कौशलको स्तरको वर्गीकरण गर्ने र वर्गिकृत सीपस्तर अनुरुप आवश्यक नेपाल राष्ट्रिय सीप प्रामाणिका तर्जुमा गर्ने ।

(ङ) वर्गिकृतस्तर अनुसारको सीप भए नभएको परीक्षण गर्न परीक्षा सञ्चालन गर्ने र सफल परीक्षार्थीहरूलाई प्रमाण-पत्र दिने ।

(च) परिषद्‌को कार्य सञ्चालनको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको दरबन्दी सृजना गर्ने र नियुक्ति गर्ने ।

(छ) श्री ५ को सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट सहयोग वा ऋण प्राप्त गर्ने ।

(ज) व्यावहारिक एवं वैज्ञानिक रूपबाट सीप परीक्षण गर्न आवश्यक अध्ययन एवं अनुसन्धान गर्ने,

(झ) परिषद्‌को वार्षिक प्रतिवेदन पेश गर्ने, र

(ञ) उपरोक्त कामहरूको कार्यान्वयनको लागि अन्य आवश्यक कामहरू गर्ने ।

११. श्री ५ को सरकारको आदेश पालन गर्नु पर्ने : श्री ५ को सरकारको आदेश वा निर्देशन पालन गर्नु परिषद्‌को कर्तव्य हुनेछ ।

१२. श्री ५ को सरकारसंग सम्पर्क राख्न सक्ने : परिषद्‌ले श्री ५ को सरकारसंग शिक्षा तथा संस्कृति मन्त्रालयमार्फत सम्पर्क राख्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६८

१३. अधिकार प्रत्यायोजन : परिषद्लाई यस नियमावलीबमोजिम प्राप्त सबै वा केही अधिकार परिषद्को कुनै सदस्य वा कर्मचारीलाई परिषद्ले प्रत्यायोजन गर्न सक्नेछ ।

१४. विशेषज्ञ समिति : (१) नेपाल राष्ट्रिय सीप प्रामाणिकाको मस्यौदा तयार गरी सीप परीक्षण तथा प्रमाणीकरण र तत्सम्बन्धी अन्य कार्य गर्न परिषद्ले आवश्यकतानुसार विशेषज्ञ समिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विशेषज्ञ समिति वा कार्यटोली गठन गर्दा परिषद्ले निम्न समितिहरूसमेत गठन गर्नेछ :–

(क) यान्त्रिक प्राविधिक समिति

(ख) विद्युत प्राविधिक समिति

(ग) निर्माण प्राविधिक समिति

(३) उपनियम (१) र (२) बमोजिमको विशेषज्ञ समिति वा कार्यटोलीको गठनविधि, कार्यक्षेत्र तथा अन्य विवरण तोकिएबमोजिम हुनेछ ।

१५. विनियम बनाउन सक्ने : (१) यस नियमावलीको उद्देश्य कार्यान्वित गर्न गराउन परिषद्ले विनियम बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनेको विनियम समितिबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१६. परिषद्को कोष : (१) परिषद्को कोषमा देहायका रकमहरू रहनेछन् र परिषद्को सबै खर्च सो कोषबाट परिषद्को निर्णयानुसार व्यहोरिनेछ :–

(क) श्री ५ को सरकार वा समितिबाट प्राप्त अनुदान,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग वा ऋण अनुदान,

(ग) परीक्षणार्थीहरूबाट प्राप्त शुल्क,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुन आएको रकम ।

(२) परिषद्को कोषको सञ्चालन परिषद्ले निर्णय गरे अनुसार हुनेछ ।

१७. लेखा तथा लेखापरीक्षण : (१) परिषद्को आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) परिषद्को लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकार वा समितिले चाहेमा जुनसुकै बखत पनि परिषद्को हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. परिषद्को पदाधिकारी तथा कर्मचारी : (१) परिषद्को काम कारवाहीको लागि आवश्यक पदाधिकारी तथा कर्मचारी रहनेछन् ।

(२) पदाधिकारीको संख्या यस नियमावलीमा तोकिएबमोजिम र कर्मचारीको दरबन्दी परिषद्ले निर्णय गरे बमोजिम हुनेछ ।

(३) कर्मचारीको नियुक्ति, सेवा शर्त तथा सुविधा तोकिएबमोजिम हुनेछ ।

१९. अध्यक्ष : (१) अध्यक्ष परिषद्को मुख्य पदाधिकारी हुनेछ ।

(२) श्री ५ को सरकारबाट ३ वर्षको पदावधिको निमित्त अध्यक्ष नियुक्ति गरिनेछ ।

तर श्री ५ को सरकारले चाहेमा कुनै व्यक्तिलाई अध्यक्षको कार्यभार समेत सम्हाल्न लगाउन सक्नेछ ।

(३) अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) परिषद्को बैठकको अध्यक्षता, सञ्चालन तथा सुव्यवस्था गर्ने ।

(ख) परिषद्को प्रमुख पदाधिकारीको रूपमा परिषद्को आर्थिक, प्रशासनिक तथा प्राविधिक कार्य सञ्चालन गर्ने गराउने ।

(ग) परिषद्ले दिएको अन्य अधिकार प्रयोग तथा पालन गर्ने गराउने ।

(४) अध्यक्षको पारिश्रमिक तथा अन्य सुविधा समितिले तोके अनुसार हुनेछ ।

२०. सदस्य-सचिव : (१) सीप परीक्षण परिषद् कार्यालयका प्रमुख परिषद्को सदस्य-सचिव भई अध्यक्षको निर्देशनमा काम गर्नेछ ।

(२) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) अध्यक्षको अनुमति लिई परिषद्को बैठकको व्यवस्था गर्ने र बैठकको निर्णय कार्यान्वित गर्ने गराउने ।

(ख) परिषद्को आर्थिक, प्रशासनिक तथा प्राविधिक कार्यक्रम तथा बजेट तयार पारी स्वीकृतिको निम्ति परिषद्मा पेश गर्ने ।

(ग) स्वीकृत बजेट तथा कार्यक्रमअनुसार परिषद्को आर्थिक, प्रशासनिक तथा प्राविधिक कार्य सम्पन्न गर्न गराउन आवश्यक व्यवस्था गर्ने गराउने ।

## परिच्छेद–५
## विविध

२१. परिषद्ले ठेक्कापट्टा गर्न सक्ने : आफ्नो काम कारवाहीको सिलसिलामा परिषद्ले आवश्यक ठेक्कापट्टा, लेनदेन, सम्झौता वा अन्य कारोबार गर्न सक्नेछ ।

२२. सीप परीक्षण कार्यक्रम परियोजना सञ्चालन : शिक्षा तथा संस्कृति मन्त्रालय, प्राविधिक तथा व्यावसायिक शिक्षा निर्देशनालयद्वारा सञ्चालित सीप परीक्षण कार्यक्रम परियोजना परिषद्अन्तर्गत सञ्चालन हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३९६

२३. सीप परीक्षण परिषद् उप-समितिको मान्यता : समितिअन्तर्गतको सीप परीक्षण परिषद् उप-समितिबाट भए गरेको कार्य यस नियमावलीबमोजिम परिषद्बाट भए गरे सरह मान्य हुनेछ ।

२४. नियमावलीको व्याख्या : यस नियमावलीको व्याख्या समितिले गरे अनुसार हुनेछ ।

२५. बचाउ : यस नियमावलीमा लेखिए जति कुरा यसै नियमावलीबमोजिम र अन्य विषय सम्बन्धमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

अनुसूची–१

(नियम ५ (२) संग सम्बन्धित)

सीप परीक्षण परिषद्
पंजीकरण फारम

| पंजीकरण संख्या . . . . |
| --- |
| मिति . . . . . . . . |
| दस्तखत . . . . . . . |

श्री सचिव,
सीप परीक्षण परिषद्को कार्यालय,
काठमाडौं ।

फोटो

महोदय,

सीप परीक्षण कार्यक्रमअन्तर्गत आफ्नो विषय वा पेशासम्बन्धी सीप परीक्षण परीक्षामा सीप परीक्षण तथा प्रमाणीकरणको लागि सम्मिलित हुन चाहेकोले त्यस परिषद्मा पंजिकृत हुन निम्न विवरणसहित यो फारम भरी पेश गरेको छु ।

मिति :–

निवेदकको दस्तखत

१. निवेदकको पूरा नामः– . . . . . . . . . . . . . जन्म मितिः– . . . .
(अंग्रेजीमा पूरा नाम):– . . . . . . . . . . . . . . . . .
२. स्थायी ठेगानाः– . . . . . . . . . . . . . . . .
अस्थायीः– . . . . . . . . . . . . . . . . .
३. शैक्षिक योग्यता वा तालीमः– . . . . . . . . . . .
४. सीपसम्बन्धी कार्यको अनुभव:– . . . . . . . . . . . .
विषयः– . . . . . . . . . . . . . . . . . .
हाल काम गरिरहेको ठाउँः– . . . . . . . . . . . .
५. अभिभावकको नामः– . . . . . . . . . . . . . .
ठेगानाः– . . . . . . . . . . . . . . . .
अन्य विवरणः– . . . . . . . . . . . . . . .
. . . . . . . . . . . . . . .

सीप परीक्षण परिषद्को कार्यालयले भर्नेः–

पंजीकरण संख्या प्रदान गरिएको [ ] पंजीकरण नं. . . .

दस्तखतः– . . . . .

नगरिएको [ ] मितिः– . . . . .



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम ५ (२) संग सम्बन्धित)
सीप परीक्षण परिषद्
सीप .. .. दक्षको
सीप परीक्षण तथा प्रमाणीकरणसम्बन्धी आवेदन फारम

श्री सचिव,
सीप परीक्षण परिषद्को कार्यालय,
काठमाडौं ।
महोदय,

.. .. .. .. .. .. .. .. .. .. .. विषयमा सीप सामान्य । मध्यम । उच्च दक्षको २०४ साल .. .. महिनामा हुने सीप परीक्षण परीक्षामा .. .. केन्द्रबाट सम्मिलित हुन सीप परीक्षण शुल्क वापत रू. .. .. .. साथै राखी निम्न विवरण र तत्सम्बन्धी आवश्यक प्रमाणित प्रतिलिपिहरू सहितको दरखास्त पेश गरेको छु । मैले सम्बन्धित राष्ट्रिय सीप प्रामाणिका पढेको बुझेको छु ।

मितिः–

(परीक्षणार्थीको दस्तखत)

१. परीक्षणार्थीको पूरा नामः– .. .. .. .. .. जन्म मितिः– .. .. ..
(अंग्रेजीमा पूरा नाम):– .. .. .. .. .. .. .. .. .. .. .. ..
२. स्थायी ठेगानाः– .. .. .. .. .. .. .. .. .. .. ..
अस्थायी ठेगानाः– .. .. .. .. .. .. .. .. .. ..
३. शैक्षिक योग्यता तथा तालीमः– .. .. .. .. .. .. ..
४. सम्बन्धित विषयको कार्य अनुभवः– .. .. .. .. वर्ष .. .. महिना
५. हाल काम गरिरहेको ठाउँः– .. .. .. .. .. .. ..
पहिले काम गरेको ठाउँ (क) .. .. .. .. .. .. ..
(ख) .. .. .. .. .. .. ..
६. सीप परीक्षण तथा प्रमाणीकरण कार्यक्रममा यसअघि सबभन्दा पहिले सम्मिलित भएको भए त्यसको
साल .. .. .. महिना .. .. .. .. केन्द्र .. .. ..
विषय .. .. .. .. तह .. .. .. .. पंजीकरण संख्या .. ..
सीप परीक्षण क्रमाङ्क .. .. .. .. .. .. .. .. ..
७. अभिभावकको नाम .. .. .. .. .. .. सम्बन्ध .. .. ..
ठेगाना .. .. .. .. .. .. .. .. .. .. .. ..
८. अन्य विवरण .. .. .. .. .. .. .. .. .. .. ..
.. .. .. .. .. .. .. .. .. .. .. .. .. ..
.. .. .. .. .. .. .. .. .. .. .. .. .. ..

---

सीप परीक्षण परिषद्को कार्यालयले भर्नेः–
आवेदन फारम स्वीकृत | | अस्वीकृत | | कारण .. .. ..
.. .. ..



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६९

पंजीकरण संख्या .. .. .. .. .. .. .. सीप परीक्षण क्रमाङ्क .. .. .. ..

उत्तीर्ण | | अनुत्तीर्ण | |

कैफियत:–

दस्तखत:–

मिति:–

उपर्युक्त बमोजिमको विवरण ठीक साँचो छ भनी सहीछाप गर्ने

मिति:–

आवेदक परीक्षणार्थी

अनुसूची–३

(नियम ६ (२) संग सम्बन्धित)

प्राविधिक तथा व्यावसायिक शिक्षा समिति

सीप परीक्षण परिषद्

प्रमाणपत्र संख्या:–

जन्म मिति .. .. .. .. पंजीकरण संख्या .. .. .. सीप परीक्षण क्रमाङ्क .. .. ..

सुपुत्र । सुपुत्री .. .. .. .. .. .. .. .. .. .. .. लाई

.. .. .. .. .. .. .. .. .. .. .. .. .. .. तहको

राष्ट्रिय सीप प्रामाणिका मुताविकको

.. .. .. .. .. .. केन्द्रबाट .. .. .. .. मा सञ्चालित

सीप परीक्षण परीक्षा उत्तीर्ण गरेकोले यो

.. .. .. .. .. .. .. .. को

.. .. .. .. .. .. .. .. .. ..

प्रमाण-पत्र प्रदान गरिएको छ ।

| संयोजक | सचिव | अध्यक्ष |
|---|---|---|
| सम्बन्धित प्राविधिक समिति, | सीप परीक्षण परिषद् | सीप परीक्षण परिषद् |
| सीप परीक्षण परिषद्, | | |
| काठमाडौं । | | |

मिनाङ्क .. .. ..

आज्ञाले,

नरसिंहनारायण सिंह

श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260